# शीर्षक: अन्तःशुल्क इजाजतपत्र स्वयं नवीकरण *(EXCISE PERMIT SELF RENEWAL)*

## प्रयोजन:

अन्तःशुल्क इजाजतपत्र लिइसकेका र नवीकरण गर्नुपर्ने करदाता स्वयंले अनलाईनबाट अन्तःशुल्क इजाजतपत्र नवीकरण गर्ने प्रक्रिया ।

## जिम्मेवारी :

करदाताले अनलाईनबाट इजाजतपत्र नवीकरणको लागि निवेदन दिई अनलाईन भुक्तानी गरी इजाजतपत्र डाउनलोड गर्नुपर्नेछ ।

## १. अन्तःशुल्क इजाजतपत्र स्वयं नवीकरण गर्ने प्रक्रिया

1.1 आन्तरिक राजस्व विभागको वेबसाईट ird.gov.np मा गई करदाता पोर्टल (Taxpayer Portal) मा क्लिक गर्नुहोस् ।

1.2 **'Excise'** मेनुमा रहेको **'+'** चिन्हमा क्लिक गर्नुहोस् ।

1.3 **'Self Renew Permit'** मा क्लिक गर्नहोस् । तलको स्क्रिन देखापर्नेछ ।




उक्त फारममा देहाय बमोजिमको विवरण भर्नुहोस्:

1. **स्थायी लेखा नम्बर—** स्थायी लेखा नम्बर उल्लेख गर्नुहोस् ।

2. **इजाजतपत्र नं.—** अन्तःशुल्क इजाजतपत्र नम्बर उल्लेख गर्नुहोस् । इजाजतपत्र नम्बर इजाजतपत्र प्रमाणपत्रमा समेत छापिएको हुन्छ । इजाजतपत्र नम्बर उल्लेख गरेपछि **"Tab"** बटन थिच्नुहोस् ।
3. **व्यवसायको नामः** स्थायी लेखा नम्बर र इजाजत नम्बर सही भएमा व्यवसायको नाम स्वतः देखिनेछ ।
4. **ठेगानाः** स्थायी लेखा नम्बर र इजाजत नम्बर सही भएमा व्यवसायको ठेगाना स्वतः देखिनेछ।
5. **मोबाईल नम्बर-** आफ्नो हालको मोबाइल नम्बर उल्लेख गर्नुहोस् । यसबाट कर दाखिला भएको सुचना प्राप्त गर्नु हुनेछ ।
6. **ईमेल** - आफ्नो ईमेल ठेगाना उल्लेख गर्नुहोस् ।

करदाताको कुनै बक्यौता बाँकी रहेको अवस्थामा देहाय बमोजिमको सूचना देखिनेछ ।




यस्तो स्क्रिन देखापरेमा आफ्नो नाममा रहेको आयकर/मूल्य अभिवृद्धि कर/अन्तःशुल्क बक्यौता चुक्ता गरी पुनः यो प्रक्रिया अनुसार इजाजतपत्र नवीकरण गर्नुहोस्।

बक्यौता नभएको अवस्थामा सबै विवरणहरु भरिसकेपछि **"Register"** बटन क्लिक गर्नुहोस् । त्यसपछि तलको स्क्रिन देखापर्नेछ ।




इजाजतपत्र सम्बन्धी विवरणहरु स्वत: देखापर्दछन् ।

इजाजत नवीकरण सम्बन्धी विवरणहरु भर्नुहोस् । कुन-कुन आर्थिक वर्षको लागि नवीकरण गर्नुपर्ने हो सो अनुरुप छान्नुहोस् । तपाईले विगत आर्थिक वर्षहरुमा नवीकरण गर्न बाँकी भए ती वर्षहरु र यो आर्थिक वर्षको लागि समेत नवीकरण गराउनु पर्नेछ ।

नवीकरण गराउनु पर्ने आर्थिक वर्ष अनुसार तिर्नु पर्ने राजस्व प्रणालीले स्वत: देखाउदछ ।

इजाजत नवीकरण सम्बन्धी विवरणहरु भरिसकेपछि भुक्तानी गर्ने बैंक छान्नुपर्दछ ।

त्यसपछि **“Submit”** बटन क्लिक गर्नुपर्दछ ।

## 2.0 भुक्तानी

2.1 विवरण पेश गरिसकेपछि भुक्तानी गर्नको लागि Pop Up Window देखिन्छ ।




| सि.नं. | भौचर नं | शिर्षक विवरण | वापत | रकम | आय वर्ष | श्रोतमा करकट्टी |
|---|---|---|---|---|---|---|
| १ | १४९८५८१८ | अन्त:शुल्क –मदिरा (३३३३२) | EPERMITRENEW | १२००० | २०७७/७८ | होइन |
| २ | १४९८५८१९ | अन्त:शुल्क -सुर्तिजन्य पदार्थ (३३३३१) | EPERMITRENEW | २००० | २०७७/७८ | होइन |
| | | | जम्मा | १४००० | | |

भुक्तानी गर्नको लागि विकल्प छनौट गरी **"रकम भुक्तानी गर्नुहोस्"** बटन क्लिक गर्नुहोस् । सम्बन्धित भुक्तानी प्रणालीमा लगईन गरी भुक्तानी सम्पन्न गर्नुहोस् ।

## 3.0 इजाजतपत्र प्रिन्ट गर्ने तरिका

1. करदाता पोर्टलबाट **"General"** मेनुबाट **"Taxpayer Login"** मा क्लिक गर्नुहोस् ।




1. स्थायी लेखा नम्बर प्रयोगकर्ताको नाम र पासवर्ड भरी **"Login"** बटन क्लिक गर्नुहोस् ।

2. “Excise Certificate Print” बटनमा क्लिक गर्नुहोस् । तलको विवरण देखिनेछ ।




3. स्थायी लेखा नम्बर र इजाजतपत्र नम्बर उल्लेख गर्नुहोस् ।
4. **“Search”** बटनमा क्लिक गर्नुहोस् । तलको स्क्रिन देखापर्दछ ।




5. प्रिन्ट Icon मा क्लिक गरी इजाजतपत्र प्रिन्ट गर्नुहोस् ।

**Revision History:**

| Revision | Date (DD/MM/YY) | Description of Changes | Requested By |
|---|---|---|---|
| | | | |